# गाउँपालिका अध्यक्ष श्री ऋषिकेशव बुढामगरले वर्षे अधिवेशनमा प्रस्तुत गर्नुभएको

# थबाङ गाउँपालिकाको

# आ. व. २०८२।०८३ को

# नीति तथा कार्यक्रम

**थबाङ गाउँपालिका**

**पेश गरिएको मिति: २०८२ असार ०८ गते**

**पारित गरिएको मिति: २०८२ असार १० गते**

गाउसभाका सदस्यहरू,

१. थबाङ गाउँपालिकाको अध्यक्षको रूपमा चौथो पटक पालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवानुभूति महसुस गरेको छु । यस अवसरमा राष्ट्र र जनताको बृहत्तर हित र कल्याणका लागि आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न राजनीतिक परिवर्तन तथा सामाजिक साँस्कृतिक रूपान्तरणको कालखण्डमा नेतृत्व प्रदान गर्ने राजनीतिक दल तथा नेपाली जनताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको तीन वर्ष पूरा भएको छ । जनताको बृहत्तर हितका लागि स्थापित मूल्य र मान्यता तथा जन आकांक्षाको परिपूर्तिको दिशामा विगत तीन वर्षमा गरिएको प्रयत्न र प्रयासले जीवनस्तरमा सकारात्मक सुधार देखिदै गएको अनुभुति भएको छ ।

सभाका सदस्यहरू,

३. दोश्रो पटक स्थानीय तहको निर्वाचन हुदै गर्दा हामीले व्यक्त गरेका प्रतिबद्धताहरू स्रोत र साधनको आनुपातिक उपलब्धताको आधारमा स्थानीय सरकारले क्रमश पूरा गर्दै लगेको छ । यस अवधिमा सुधारका कदमहरूले क्रमश गति लिदै गएको छ ।

४. स्वच्छ र प्रतिस्पर्धात्मक कार्य प्रणालीको अबलम्बनले पालिकाको लोकतान्त्रिक मूल्य र मान्यताहरू संस्थागत हुँदै गएको छ । पालिकाको दुरदृष्टि लागु गर्ने सन्दर्भमा सम्पूर्ण राजनीतिक दल लगायत सरोकारवालाहरूको साथ र सहयोग प्राप्त भएको छ । पालिकाप्रति जनताको आशा र भरोसा बढ्दै गएको छ ।

५. पालिकाको आन्तरिक आयको दिगो वृद्धि र स्रोतहरूको खोजिमा प्रयासहरू भएको छ । पालिकालाई आत्मनिर्भर बनाउने दिशातिर पालिकाको सम्पूर्ण ध्यान केन्द्रित भएको छ, यसबाट बिस्तारै सुधारका संकेतहरू देखा परिरहेका छन् ।

६. सेवा प्रवाह, सुशासन, विकास निर्माण, अनुगमन तथा मूल्यांङ्कन लगायत सम्पूर्ण क्षेत्रमा सुधारका कामहरू सुरुवात भएको छ । सेवा प्रवाह, सूचना सम्प्रेषण, जन अभिमत लगायतका आयामहरूमा विद्युतीय कार्य प्रणाली अबलम्बन गर्दै लगिएको छ ।

७. पालिकाबाट जनतालाई प्रवाह गरिने सेवा सकेसम्म कम खर्चिलो, सर्व सुलभ, छिटो र सहज ढंगले उपलब्ध गराउने कार्य भैरहेको छ । निष्षक्ष तथा प्रतिस्पर्धात्मक प्रणालीलाई अबलम्बन गरिएको छ । पारदर्शी तथा अनुमानयोग्य कार्य प्रणाली अनुशरण गरिएको छ । भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अख्तियार गरिएको छ ।

८. वडा वडाबाट प्रवाह हुने पञ्जिकरण लगायतका कामहरू समयमै कम खर्चिलो ढंगले प्रदान भईरहेको छ । सम्पूर्ण सेवा प्रवाहका कामहरू विद्युतीय माध्यमबाट सञ्चालन गर्ने काम भईरहेको छ । स्वास्थ्य सेवालाई

सर्वसुलभ तथा गुणस्तरीय ढंगले जनताको घरदैलोसम्म पुऱ्याउने काम भईरहेको छ। पालिकाबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको वस्तुनिष्ठ एवम सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समेत अनुगमन तथा मूल्यांकन भईरहेको छ।

९. भ्रष्टाचारको नियन्त्रणमा पालिकाका सम्पूर्ण निकायहरू एकैठाउँमा उभिएका छन् । पालिकाको सम्पूर्ण अवयवहरूमा उपलब्ध स्रोत र साधनको समन्यायिक वितरण मार्फत सामर्थ्य जुटाई अघि बढिरहेको छ । यसबाट समग्रमा राज्यले अंगिकार गरेको नीति तथा यसका दायित्वहरू पूरा गर्न सहयोग पुगेको छ।

१०. पालिकाको विकास र समृद्धिको प्राप्तिका लागि पालिकाभित्र विद्यमान प्राकृतिक स्रोत साधन तथा उत्पादनमा अधिकतम जोड दिइएको छ। मानवीय स्रोत र साधनको अधिकतम परिचालन गरी गुणस्तरीय प्रतिफल प्राप्त गर्न विभिन्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएका छन्।

११. पालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरूमा स्रोतको अधिकतम सदुपयोग भई उचित प्रतिफल प्राप्त होस भन्ने उद्देश्यले गरिने अनुगमन तथा मूल्यांकन कार्य वस्तुगत, विधिसम्मत र अन्तरसम्बन्धित विषयहरूका अवयवहरूको दृष्टिले समेत गर्ने गरिएको छ।

१२. पालिकाभित्र जनताले सहज र सर्वसुलभ सेवा प्राप्तिका लागि संस्थागत क्षमताहरूको विकास तथा विस्तार गर्ने कार्य भईरहेको छ। वन, वातावरण तथा प्रकृतिको संरक्षणका लागि पालिकाबासीमा सचेतनाको अभिवृद्धि हुदै गईरहेको छ।

१३. पालिकाभित्र उपलब्ध विभिन्न प्रकारका प्राकृतिक स्रोतहरू, भौगोलिक विविधता, प्रचुर पर्यटकीय सम्भावना, पालिकाबासीमा बढ्दै गएको सामूहिक एकता, दिगो र सुरक्षित पूर्वाधारहरूको उपलब्धता र सुशासनको संस्थागत विकास थबाङ गाउँपालिकाको विकास र समृद्धिको लागि अबसरको रूपमा रहेका छन् ।

१४. प्राकृतिक स्रोत, उत्पादन र उत्पादकत्वका सम्पूर्ण क्षेत्रलाई राजस्वको दायरामा ल्याउन नसक्नु, विकास, समृद्धि र सामाजिक सेवाभावका लागि समर्पण र त्यागको भावना विकास गर्न नसक्नु, भौगोलिक बनावट अनुसार दिगो पूर्वाधारको विकास गर्न कठिनाइ हुनु, वन तथा वातावरणीय सचेतनाको विकास प्रचुर मात्रामा हुन नसक्नु तथा विकास, सुशासन र सेवा प्रवाहका लागि आवश्यक मानवीय जनशक्तिको उपलब्धता हुन नसक्नु थबाङ गाउँपालिकाका लागि चुनौतिका रूपमा देखिएका छन्।

सभाका सदस्यहरु,

१५. दिर्घकालीन सोच तथा राष्ट्रिय योजना, लुम्बिनी प्रदेशको आवधिक योजना, सङ्घ, प्रदेश र स्थानीय तहको नीति, विषयगत रणनीति/गुरुयोजना, दिगो विकासका लक्ष्य, विपद जोखिम न्युनिकरण, जलवायु परिवर्तन अनुकुलन, वातावरणमैत्री तथा बालमैत्री स्थानीय शासन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायतका विकासका अन्तरसम्बन्धित विषयहरू, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा

जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्व, सङ्घ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक तथा अन्य विषय क्षेत्रगत नीति, थबाङ गाउँपालिकाले अघि बढाएका नीति तथा कार्यक्रमको समिक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल अनुभव तथा थबाङ गाउँपालिकाको प्रथम आवधिक योजना, मध्यमकालिन खर्च संरचना एवम अन्य नीतिगत मार्गदर्शनको आधारमा थबाङ गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रमले सुशासन, सामाजिक न्याय र थबाङ गाउँपालिकाको समृद्धिलाई केन्द्रमा राखेको छ।

१६. सबल समृद्ध र न्यायपूर्ण पालिकाको निर्माण पालिकाको सर्वोपरी लक्ष्य हो। पालिकाको सम्पूर्ण अवयवहरूमा समावेशी प्रणाली संस्थागत गर्नु पालिकाको प्रमुख कार्यभार हो।

१७. सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, आर्थिक सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी विकास पालिकाका प्रमुख नीतिगत प्राथमिकता हुनेछन्। पालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट यीनै प्राथमिकतामा परिलक्षित हुनेछन्।

१८. थबाङ गाउँपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तथा वार्षिक बजेटबीच तादात्यता कायम गरी स्थानीय तहबाट प्रवाह हुने सेवाको न्युनतम मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ।

## आर्थिक विकासतर्फ

सभाका सदस्यहरु,

१९. कृषि क्षेत्रको विकासका लागि आधुनिक तथा पर्यावरण अनुकुल तालिम, प्रविधि एवम अन्तरसम्बन्धित विषयवस्तुहरुको समुदायस्तरमा हस्तान्तरण गरिनेछ।

२०. मौसम सुहाउँदो, आर्थिक रुपले अनुकुल, भौगोलिक रुपले उपयुक्त तथा जलवायुमैत्री कृषि खेतीको विकास र विस्तार गरिनेछ।

२१. परम्परागत कृषि प्रणालिको अन्त्य गरी आत्मनिर्भर कृषि प्रणालीको अवलम्बनका लागि लागत सहभागितामा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२२. कृषिको बजारीकरण र उत्पादन सुनिश्चितताका लागि पालिकाले कृषिजन्य उत्पादनमा न्यूनतम समर्थन मूल्य तोकिदिनेछ। एक वडा एक कृषि पकेट क्षेत्रको रुपमा विकास गर्न विस्तृत अध्ययन तथा अनुसन्धान गरिनेछ।

२३. "जलवायु अनुकूलन कृषिको परिकल्पना: थबाङको समृद्धि र दिगोपना" भन्ने मूल नाराका साथ कृषिको पर्यावरण अनुकूल आधुनिकीकरण र कृषि पर्यटनको प्रवर्द्धन गरी थबाङको समृद्धिको आधारको रुपमा कृषि क्षेत्रको विकासका लागि प्रयास गरिनेछ।

२४. स्वस्थ र गुणस्तरीय पशुधनको उत्पादन तथा पालनका लागि आवश्यक औषधि खोप लगायतका आवश्यकीय पूर्वशर्तहरुको उपलब्धता र आपूर्तिका लागि सम्बन्धित निकायसंग सहकार्य र समन्वय गरिनेछ।

२५. पालिकाबाट बाहिर निकासी पैठारी हुने पशुको व्यवस्थित अभिलेख राजस्व संकलन तथा अन्य कार्यहरु गरिनेछ।

२६. पशुपन्क्षीमा देखिन सक्ने पर्यावरणीय जटिलता र कठिनाइको न्यूनीकरणका लागि आवश्यक कार्यहरु गरिनेछ। पशुपालनलाई आयआर्जनको दीगो आधारको रुपमा विकास गर्न आवश्यक सीप प्रविधिको सिकाइ तथा हस्तान्तरण गरी समुदायलाई थप आत्मनिर्भर बनाइनेछ।

२७. "स्वावलम्बन र आत्मनिर्भर जीवनको पूर्वशर्त: उन्नत पशुपालन तथा विविधीकरणको खास अर्थ" भन्ने मूल नाराका साथ पशुपालनको क्षेत्रमा पशुधनको विविधीकरण र आधुनिकीकरणको प्रयासहरु गरिनेछ।

२८. नेपाल सरकारले तोकेको न्यूनतम ज्यालादर भन्दा कम नहुने गरी श्रममूलक योजना तथा कार्यक्रमहरुमा स्थानीय श्रमको उपयोग हुने गरी समुदायमा आधारित योजनाको तर्जुमा तथा कार्यान्वयनमा जोड दिइनेछ।

२९. वैदेशिक रोजगारीबाट फर्केका तथा तालिमप्राप्त जनशक्तिको सीप एवम अनुभवलाई प्रयोग गर्न विभिन्न योजनाहरुमा अनिवार्य सहभागिताको अवधारणा अवलम्बन गरिनेछ।

३०. "रोजगारीको सिर्जना: गरिवी न्यूनीकरण र स्वदेश मोहको दीगोपना" भन्ने मूल नाराका साथ पालिकाभित्रै सीप तथा श्रममा आधारित कार्यप्रणालीको अवलम्बनलाई जोड दिने नीतिको अवलम्बन गरिनेछ।

३१. थबाङमा उत्पादन हुने मौलिक वस्तुको बजारीकरण र बाह्य क्षेत्रमा प्रवर्द्धीकरणका लागि थबाङमा आउने पर्यटक तथा आगन्तुकलाई थबाङको मायाको चिनो कार्यक्रमको सुरुवात गरी विकास र विस्तार गरिनेछ।

३२. थबाङमा फस्टाउन सक्ने घरेलु उद्योगहरुको अध्ययन गरी सोको विकास गर्न अपनाउन सकिने उपायहरुको खोजि गरिनेछ।

३३. स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना तथा विकास गर्न विशेष सहुलियतपूर्ण अभियान सञ्चालन गरिनेछ।

३४. सभ्यताको हिसाबले ऐतिहासिक, परिवर्तनको दृष्टिकोणले अग्रणी, पूरानो परम्परा र प्रकृति पुजक समुदायको अनुपम संगम थबाङलाई पर्यटकीय दृष्टिकोणले अध्ययन तथा अनुसन्धान गर्न विशेष जोड दिइनेछ।

३५. थबाङ गाउँ झल्कने विषयवस्तु समावेश गरी ठाउँठाउँमा चिन्ह, संकेत तथा डिजिटल सामग्रीको निर्माण गरी प्रवर्द्धन गरिनेछ।

३६. जन्तरे, जलजला, ढाप्का लगायतका पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्न पर्यटन अभियान सञ्चालन गरिनेछ। सो स्थानहरुमा पुर्यटकीय पूर्वाधारहरु निर्माणका लागि जोड दिइनेछ। पर्यटक भित्र्याई पर्यटन सेवाको सुदृढीकरण र विस्तार गरी मौलिक पहिचानको जगेर्ना गरिनेछ।

३७. "थबाङको समृद्धि: पर्यटन पूर्वाधार तथा पर्यटन संस्कृतिको अभिवृद्धि" भन्ने मूल नाराका साथ पर्यटकीय पूर्वाधारहरुको निर्माण तथा दिगो रुपमा पर्यटन संस्कृतिको विकास गर्न आवश्यक कार्यहरु गरिनेछ।

३८. पालिकामा पर्यटन संस्कृतिको विकास गर्न नव आगन्तुक पाहुनालाई पथ प्रदर्शन गर्न तथा पालिकालाई चिनाउन वृत्त चित्र फोटो प्रदर्शनी तथा अन्य कार्यहरु सञ्चालन गरिनेछ।

३९. सहकारी संस्थाहरुको कार्यलाई थप व्यवस्थित बनाउन आवश्यक तालिम अनुगमन तथा अन्य व्यवस्थापकीय कार्यहरु गरिनेछ। सहकारीको पूँजीलाई समुदायमा लगानीको आधार बनाउन थप प्रयास गरिनेछ।

४०. स्थानीय श्रम सीप र प्रविधिको उपयोगमा विशेष जोड दिइनेछ। अनुदानमूखी प्रवृत्ति भन्दा आपसी लगानीमैत्री कार्य संस्कृतिको विकास गरिनेछ।

४१. पालिकाको विकास योजना कार्यान्वयन लगायतका प्रक्रियामा सहकारी संस्थाहरुको सहभागितालाई विशेष जोड दिइनेछ।

४२. "स्थानीय श्रम, सीप र पूँजीको कमाल: सहकारी मार्फत ग्रामीण अर्थतन्त्रको छरितो चाल" भन्ने मूल नाराका ग्रामिण जनजीवन र आयाआर्जन तथा पूँजीको निर्माणमा सहकारीलाई अधिकतम परिचालन गर्न क्षमता विकास तथा सीप प्रवर्द्धनका कार्यहरु सञ्चालन गरिनेछ।

४३. पालिकाबाट सञ्चालन हुने कार्य योजना तथा आयोजना एवम अन्य गतिविधिलाई मितव्ययी र पारदर्शी ढङ्गबाट सञ्चालनका लागि थप व्यवस्थापकीय कार्यहरु गरिनेछ।

४४. योजना तथा कार्यक्रमहरुलाई आवश्यकतामा आधारित बनाइ समुदायको अपनत्व सिर्जना गरी जनसमुदायको सक्रिय सहभागिताका लागि चेतनाको विकास गरिनेछ।

४५. पालिकाभित्रका जमिनको प्रयोगमा विशेष जोड दिइनेछ। जमिनको उपयोग नगरी बाँझो राखिएको जमिनलाई खेती भइरहेको जमिनभन्दा थप कडाइका साथ कानूनी दायरामा ल्याइनेछ। सो स्थानमा भांगो लगायतका नगदेबालीको उत्पादनमा जोड दिइनेछ।

४६. थबाङ खोला, मिरुल खोला र उवा खोलाबाट हुने गैर कानूनी ढूङ्गा गिट्टीको उत्खनन र ओसारपसारलाई नियन्त्रण गर्न सम्बन्धित निकायसंग सहकार्य गरिनेछ। नदि तथा नदिजन्य पदार्थको संरक्षण र व्यवस्थापनका तथा उचित उपयोगका लागि कानून बमोजिम बाहेकका कार्यहरु बन्द गर्न अन्य पक्षसंग अन्तरसहकार्य गरिनेछ।

## सामाजिक विकासतर्फ

सभाका सदस्यहरु,

४७. शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालयहरुको मर्ज अभियान सञ्चालन गरिनेछ । कार्यसम्पादन र नतिजाको आधारमा शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ । प्रचलित विधि र पद्धतिको आधारमा तुल्सको प्रयोग गरी अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

४८. “शिक्षामा लगानी: सुनौलो भविष्यको विहानी” भन्ने मूल नाराका साथ अभिभावक सचेतना तथा विद्यालय अन्तरसम्बन्धित विषयहरुमा अभियान सञ्चालन गरिनेछ ।

४९. विद्यालयहरुमा हुने गणित विज्ञान अंग्रेजी तथा अन्य विषयका शिक्षकको अभाव कम गर्न शिक्षक प्रोत्साहन नीति अवलम्बन गरिनेछ । स्थानीय शिक्षक उत्पादनमा जोड दिन अध्ययन छात्रवृत्ति लगायतका कार्यक्रमहरुमा जोड दिइनेछ ।

५०. शैक्षिक गुणस्तर तथा मानवीय पूँजीको निर्माण गर्न अभिभावक सचेतना, शिक्षक अभिमुखीकरण तथा अन्य आवश्यक कार्यहरु गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५१. विद्यार्थी अभिभावक शिक्षक लगायत शिक्षासंग सम्बन्धित सम्पूर्ण पक्षलाई थप जिम्मेवार र कर्तव्यनिष्ठ बनाउन अनुगमन तथा सो अनुसार प्रोत्साहनका कार्यलाई थप व्यवस्थित बनाइनेछ ।

५२. विद्यालय पूर्वाधारको विकास, विद्यार्थी टिकाउ दर तथा शिक्षाको गुणस्तरको अभिवृद्धिका लागि सम्बद्ध पक्षहरुलाई कडाइका साथ जिम्मेवार बनाइनेछ ।

५३. शिक्षकलाई क्षमता विकास सम्बन्धी तालिम उपलब्ध गराई नतिजालाई कार्यसम्पादनसंग तादात्म्यता कायम गरिनेछ ।

५४. मुटु रोग, मृगौला, क्यान्सर, मधुमेह, दम लगायतका नसर्ने रोगहरुको व्यापक वृद्धि भईरहेकोले सो सम्बन्धी सचेतनात्मक, प्रवर्द्धनात्मक तथा अन्य उपायहरुको अवलम्बन गरी समुदायस्तरमा अभियान सञ्चालन गरिनेछ ।

५५. मातृ स्वास्थ्य, बाल स्वास्थ्य, महिला स्वास्थ्य लगायतका कार्यक्रमहरुको प्रवर्द्धन गरी जनस्वास्थ्यको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

५६. ग्रामीण स्तरमा चिकित्सकीय सेवाको कमी हुन नदिन चिकित्सकको उत्पादनका लागि अध्ययनमा छत्रवृत्ति लगायतका कार्यक्रमहरुको सुरुवात गरिनेछ ।

५७. स्वास्थ्यसंग सम्बन्धित जनशक्ति, मेडिकल तथा सर्जिकल उपकरण एवम अन्य अत्यावश्यकीय कार्यहरुका लागि सहयोगी संस्था तथा निकायहरुसंग समन्वय र सहकार्यको लागि विशेष पहल गरिनेछ । पन्ध्र शैया अस्पताललाई थप व्यवस्थित तथा चुस्त दुरुस्त बनाई भरपर्दो अस्पतालको रुपमा विकास गरिनेछ ।

५८. "मेरो स्वास्थ्य मेरो पहिलो प्राथमिकता: सुखि र सम्मुनत जीवनको लागि मेरो अग्रसरता" भन्ने मूल नाराका साथ सर्ने तथा नसर्ने रोगहरुको रोकथाम एवम सुरुकै अवस्थामा पहिचान गरी स्वस्थ जीवन पद्धतिको अवलम्बनमा जोड दिइनेछ ।

५९. स्थानीय खेल तथा खेलाडिको प्रोत्साहन सम्बन्धी विशेष व्यवस्था गरिनेछ । आपसमा खेल भावनाको विकासका लागि अन्तरपालिका स्तरीय संयुक्त खेलकुद सञ्चालन सम्बन्धी अवधारणालाई निरन्तरता दिइनेछ ।

६०. स्थानीय जिल्ला प्रदेश राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पालिकालाई चिनाउने खेलाडिलाई विशेष प्रोत्साहनको नीति अवलम्बन गरिनेछ ।

६१. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको सञ्चालन र व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण कार्यहरु समन्वयात्मक ढंगले गरिनेछ ।

६२. महिलाहरुको क्षमता विकास र सशक्तीकरणका लागि तालिम अभियान तथा अन्य उपायहरुको अवलम्बन गरिनेछ ।

६३. समुदायस्तरमा गठन हुने समिति तथा अन्य संरचनाहरुमा महिला तथा अल्पसङ्ख्यकहरुको मुख्य पदाधिकारीहरुमा प्रतिनिधित्व हुनेको हकमा पालिकाबाट प्रवाह हुने सेवाहरुमा विशेष सहुलियत तथा छुट दिइनेछ ।

६४. घरायसी विवाद तथा कलह एवम महिलामाथि हुने हिंसाको न्यूनीकरणका लागि विशेष सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

६५. लैंगिकजन्य व्यवहार तथा अन्य विकृतिहरुको अन्त्यका लागि महिला सशक्तीकरण, आयआर्जनको उपायहरुको विस्तार लगायतका विधिहरुको अवलम्बन गरिनेछ ।

६६. बालबालिकाको प्रतिभा प्रस्फुटन तथा मनोवैज्ञानिक सुदृढीकरणका लागि बालमैत्री व्यवहारको अनुसरण गरिनेछ । बालविकास केन्द्रहरुलाई थप व्यवस्थित बनाइनेछ ।

६७. व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा भत्ता लगायतका कार्यहरुलाई थप व्यवस्थित बनाइनेछ । कानूनले तोकेको समयावधिभित्र व्यक्तिगत घटना दर्ता गरी घटना दर्ताबाट छुटन गइ हुने जटिल परिस्थितिजन्य समस्याहरुको न्यूनीकरणका लागि पहल गरिनेछ । दोहोरो सामाजिक सुरक्षा भत्तालाई शुन्य बनाउन आवश्यक कार्यहरु गरिनेछ । सामाजिक सुरक्षा तथा अन्य कार्यका लागि आवश्यक जैविक तथ्याङ्क सङ्कलनका लागि प्रक्रियालाई थप सर्वसुलभ बनाइनेछ ।

६८. अपाङ्गहरुको क्षमता विकास तथा सीप सम्बन्धी कार्यशाला एवम कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपाङ्गमैत्री संरचनाहरुको निर्माणमा विशेष जोड दिइनेछ ।

६९. अपाङ्गहरुका लागि आवश्यक वस्तु तथा सेवाको उपलब्धतामा आवश्यक सहजीकरण गरिनेछ ।

७०. "अपाङ्गको आत्मसम्मान: सहज जीवनयापन र सामाजिक सहभागिता एवम स्वाभिमान" भन्ने मूल नाराका साथ अपाङ्गमैत्री नीति, कार्यसंस्कृति तथा सामाजिक र व्यवहारिक अनुकूलनीय कार्यहरुको प्रवर्द्धन गरिनेछ ।

७१.	महिला सशक्तीकरण र समावेशीकरणका सम्बन्धमा महिलामैत्री पूर्वाधारहरुको निर्माण महिलाहरुको क्षमता विकासका अवसरहरुको पहिचान लगायतका विषयहरुको अवलम्बन गरिनेछ।

७२.	महिलाहरुको आयाआर्जनमा सघाउ पुग्ने गरी तालिम तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ।

७३.	"थबाङ्गी महिलाहरुको प्रतिवद्धता: परिवर्तन र आत्मविश्वासमा अग्रसरता" भन्ने मूल नाराका साथ चौतर्फि रुपमा महिलाहरुलाई सहभागिताका लागि अग्रसर हुने गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७४.	दलितहरुको हक हित र सामाजिक मर्यादामा आच पुऱ्याउने खालको गतिविधिहरुको न्यूनीकरणका लागि समसामयिक विषयहरुको संवेदनशीलतालाई ख्याल गरी जनजागरण अभियान सञ्चालन गरिनेछ। दलितहरुका लागि आधुनिक आरण तालिम सञ्चालन गरी व्यवसायीकरण गर्न जोड दिइनेछ।

*७५.	पालिकाभित्रका स्थानीय कला संस्कृति सम्पदा तथा स्थान एवम अन्य महत्वपूर्ण विषयहरुको प्रवर्द्धन तथा विस्तार र प्रचारप्रसारका लागि भिडियो डकुमेन्ट्री पोष्टर फोटो पुस्तक तयार तथा प्रदर्शनी लगायतका आवश्यक कार्यहरु निर्माण तथा सञ्चालन गरिनेछ।*

*७६.	"सुत्केरीको खुसि र उमंग: उपाध्यक्ष कोसेलीको प्रसंग"* भन्ने मूल नाराका साथ विगतका वर्षहरुमाझै सुत्केरी भेटघाट र सहायताका लागि उपाध्यक्षको कोसेली प्रदान गरी सुनौला हजार दिनका आमाहरुलाई सहायता कार्यक्रम निरन्तरता दिइनेछ।

सभाका सदस्यहरु,

७७.	स्वच्छ सफा हराभरा र फोहोर रहित थबाङ गाउँपालिकाको अवधारणालाई आत्मसात गर्न हरेक टोल बस्ती तथा समुदायबाट निसक्ने फोहोरको व्यवस्थित विसर्जनको उपाय अवलम्बन गरिनेछ। थबाङ ठूलोगाउँमा रहेको ल्याण्डफिल साइटलाई व्यवस्थित योजनाका साथ प्रयोगमा ल्याइनेछ।

७८.	कुहिने र नकुहिने तथा प्रयोग गर्न मिल्ने र नमिल्ने फोहोरजन्य पदार्थको उत्पादनस्थलमै फरक फरक तरिकाले व्यवस्थापनको नीति अवलम्बन गरिनेछ।

७९.	बजार क्षेत्र बस्ती क्षेत्र बाटोघाटो तथा पर्यटकीय स्थलमा फोहोर संङ्कलनका लागि डस्टविन वा अन्य उपयुक्त उपायको अवलम्बनका लागि समुदायलाई प्रोत्साहन गरिनेछ।

८०.	एक घर एक धारा भन्ने अवधारणा अनुसार सबै बस्ती तथा समुदायमा स्वच्छ र सर्वसुलभ खानेपानीको विस्तारका लागि खानेपानी सम्बन्धी योजनाहरुको कार्यान्वयनलाई तिव्रता दिइनेछ।

८१.	खानेपानीका मूहानहरुको संरक्षण, पाइपलानको मर्मत तथा अन्य व्यवस्थापकीय कार्यका लागि समुदायमा आधारित अपनत्व प्रणालीको विकासलाई जोड दिइनेछ।

८२.	खानेपानीका मूहानहरुलाई बस्ती तथा समुदायबाट हुन सक्ने जोखिमको न्यूनीकरण गरी खानेपानीको शुद्धताको सुनिश्चितता गर्न खानेपानीको चेक जाँच तथा अन्य उपायहरुको अबलम्बन गरिनेछ।

८३.	"दीगो विकासमा ऐक्यबद्धता: स्वच्छ र स्वस्थ खानेपानीको प्रतिवद्धता" भन्ने मूल नाराका साथ गुणस्तरीय खानेपानीको लागि आवश्यक कार्यहरु गरिनेछ।

८४.	महिला सशक्तीकरण सहकारीतामूलक प्रणालीको प्रवर्द्धन सामुदायिक सिर्जनशीलता वित्तीय साक्षरता जलवायुमैत्री अनुकूलन लगायतका अन्तरसम्बन्धित विषयहरुको विकास र प्रवर्द्धनको लागि गैर सरकारी संस्था सामुदायिक संस्था लगायतका क्षेत्रहरुसंग सहकार्य र समन्वय गरिनेछ।

८५.	टोल विकास संस्था आमा समूह सहकारी समूह बाल क्लब तथा अन्य सामाजिक समूह लगायतका लक्षित समूहलाई क्षमता विकास सम्बन्धी तालिम उपलब्ध गराइनेछ।

८६.	दीगो विकास लक्ष्यहरुको आन्तरिकीकरण गरी सोसंग सम्बन्धित विषयहरुमा पालिकाबाट हुने प्रयासहरुलाई थप सशक्त र भरपर्दो बनाइने छ।

८७.	सहस्राब्दी विकासका लक्ष्यहरुको प्राप्तिमा भएको प्रयास र प्रतिफलको विश्लेषण गरी थप आवश्यक व्यवस्थापकीय कार्यहरु गरिनेछ।

८८.	स्थानीय स्तरमा हुने साना साना पूँजीको उचित लगानी र बचत तथा सोको पुनर्लगानीका लागि वित्तीय साक्षरता लगानी शिक्षा तथा अन्य अर्थ सरोकारका विषयहरु सम्बन्धित सचेतना अभियान सञ्चालन गरिनेछ।

८९.	गुणस्तरीय खाद्य बानीको विकास गरी स्थानीय उत्पादनको बजारीकरण तथा प्रचारप्रसारका लागि उपयुक्त विधि र पद्धतिको अवलम्वन गरिनेछ।

## पूर्वाधार विकासतर्फ

सभाका सदस्यहरु,

९०.	राष्ट्रिय भवन संहिताको मापदण्ड अनुसारका पूर्वाधारहरुको निर्माण र गुणस्तर कायमका लागि विशेष ध्यान दिइनेछ। अन्तरसम्बन्धित विषयहरुको अवलम्बन गरी भवन पूर्वाधारहरुको निर्माण कार्यलाई जोड दिइनेछ।

९१.	मौलिक परम्परा र संस्कृतिको अनुसरण गरी भवन बनाउनेलाई कानूनी प्रक्रियामा सहजीकरण गरिनेछ।

९२.	"भूकम्प प्रतिरोधि संरचना: स्थानीय कला र संस्कृति सहितको पूर्वाधारको जगेर्ना" भन्ने मूल नाराका साथ ऐतिहासिक परम्परा र संस्कृतिमैत्री पूर्वाधारहरुको निर्माणलाई जोड दिई सोका लागि प्रोत्साहनको नीति अवलम्बन गरिनेछ।

९३.	बनिसकेका घर तथा भवनहरुको अभिलेखीकरणलाई व्यवस्थित बनाई अन्तरसम्बन्धित विषयहरुसंग तादाम्यता कायम गरिनेछ।

९४. बाह्रै महिना चौबिसै घण्टा भरपर्दो र गुणस्तरीय इन्टरनेट सेवा तथा मोबाइल फोन सेवाका लागि सम्बन्धित निकायहरुमा समन्वय गरी पहल गरिनेछ।

९५. इन्टरनेटको पहुँच नपुगेका वस्ती तथा समुदायमा सहयोगी संघसंस्थाहरुसंग समन्वय गरी इन्टरनेट तथा सञ्चारका पूर्वाधारको विस्तार गर्न पहल गरिनेछ।

९६. केन्द्रीय विद्युत प्रसारण लाइनको पहुँचका लागि सम्बन्धित निकायहरुमा समन्वय गरी पहल गरिनेछ। विद्युतको भरपर्दो र गुणस्तरीय सेवाका लागि पूर्वाधारहरुको निर्माण गर्न सम्बन्धित निकायहरुमा पहल गरिनेछ।

९७. विद्युतको पहुँच तत्काल पुग्न नसक्ने वस्ती तथा समुदायहरुमा लघु जलविद्युत आयोजनाहरुको निर्माण गरी विद्युतीकरणको अभियान सञ्चालन गरिनेछ।

९८. अझैसम्म मोबाइल इन्टरनेट नपुगेका पालिकाका बस्ती तथा समुदायमा मोबाइल तथा इन्टरनेट प्रविधि पुऱ्याउन गैरसरकारी संस्था तथा अन्य सहयोगी निकायसंग सहकार्य गरिनेछ। सुलभ तथा गुणस्तरीय सूचना प्रविधिका लागि अन्तरसमुदाय हातेमालो अवधारणा अवलम्बन गरिनेछ।

९९. निर्मित निर्माणाधिन र आगामी दिनमा निर्माण हुने पूर्वाधार संरचनाहरुको प्रयोगलाई विशेष ध्यान दिइनेछ। पूर्वाधार निर्माणलाई आवश्यकतामा आधारित बनाइ सो बाट अधिकतम प्रतिफल प्राप्त गर्न आवश्यक कार्यहरु गरिनेछ।

१००. निर्माण हुने संरचनाहरुलाई महिला बालबालिका अपाङ्ग ज्येष्ठ नागरिक तथा अन्य संवेदनशील समूहमैत्री हुने गरी निर्माण गरिनेछ।

१०१. पूर्वाधारहरुको निर्माणमा मात्र जोड नदिई निर्माण भइसकेका पूर्वाधारहरुको थप व्यवस्थित बनाउन जोड दिइनेछ र आवधिक मूल्याङ्कन गरिनेछ।

१०२. झोलुङ्गे पुलहरुको सम्भाव्यता अध्ययन, सडकको स्तरोन्नति तथा दिगोपनाका लागि आवश्यक सहकार्य र समन्वय गरिनेछ। आवश्यकताका आधारमा सिचाई तथा अन्य पूर्वाधारहरुको निर्माण गरिनेछ।

## वन वातावरण तथा विपदतर्फ

सभाका सदस्यहरु,

१०३. वन वातावरण तथा जलवायुजन्य प्रकोपको नियन्त्रण एवम न्यूनीकरणमा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ। अनावश्यक वन फडानी तथा पहिरो एवम मनसुनजन्य विपदको पूर्वानुमानका लागि अनुमानयोग्य संयन्त्रको विकास तथा परिचालनका लागि व्यवस्थापकीय कार्य गरिनेछ।

१०४. कानून बमोजिम निषेधित गरिएका जडिबुटिको रोकथाम तथा अन्य जडिबुटीको खेतिका लागि जडिबुटीको क्षेत्रमा नया कार्यको सुरुवात गरिनेछ। थबाङलाई जडिबुटीको क्षेत्र बनाउन अन्य सहयोगी कार्यको

सुरुवात गरिनेछ । कानून बमोजिमका जडिबुटीको निकासी पैठारीलाई राजस्वको दायरामा ल्याइ थप व्यवस्थित बनाइनेछ ।

१०५. कानूनले निषेध गरेका वन पैदावारको ओसार पसारको रोकथाम नियन्त्रण तथा न्यूनीकरणका लागि समुदायको सचेतना अभिवृद्धि सम्बन्धी कार्य गरिनेछ । जैविक विधितामा महत्वपूर्ण योगदान दिने दुर्लभ वन तथा वन पैदावारको संरक्षणका लागि प्रचारप्रसार गरिनेछ ।

१०६. विपदको पूर्वानुमान उद्दार तथा राहत एवम पूनर्निर्माणका लागि अत्यावश्यक वस्तु तथा सञ्जालको विकास र स्तरीकरण गरिनेछ । शीघ्र रेस्पोन्सको लागि आवश्यक कार्यहरु गरिनेछ ।

१०७. विपदको जोखिम न्यूनीकरण गर्न, उद्दार राहत तथा अन्य अत्यावश्यक कार्यहरुको सञ्चालन तथा व्यवस्थापन गर्न विपद कोष स्थापना गरी सञ्चालन गरिनेछ । पालिकाले उक्त कोषमा आवश्यकता अनुसार रकम जम्मा गर्नेछ ।

१०८. "विपदबाट सुरक्षित रहने अभियान: पूर्व तयारी र आवश्यकताको पहिचान" भन्ने मूल नाराका साथ विपदको असर कम गर्न विभिन्न तयारी तथा आवश्यकता अनुसार उद्दारका कार्यक्रमहरु सञ्चालन गर्न तयारी अवस्थामा सम्पूर्ण संयन्त्रलाई परिचालन गरिनेछ ।

१०९. जलस्रोत मुहानको व्यवस्थित संरक्षण तथा उपयोग र बचावतका लागि समुदायको विशेष भूमिकामा जोड दिइनेछ । मूहानको संरक्षणका लागि वृक्षारोपणलाई विशेष जोड दिइनेछ । जथाभावी पूर्वाधार निर्माण नगरी अध्ययन र आवश्यकताका आधारमा योजना सञ्चालन गरिनेछ । जलस्रोतको उपयोगका लागि समुदायस्तमा अपनत्व सिर्जना गर्न पहल गरिनेछ ।

## सुशासन तथा संस्थागत विकासतर्फ

सभाका सदस्यहरु,

११०. सार्वजनिक सेवा प्रवाह विकास तथा सुशासनका सवालमा सूचना तथा प्रविधिको प्रयोगलाई अनिवार्य गरिनेछ । जनताको सार्वजनिक सवालमा भएको गुनासोको  समयमै सुनुवाइ गर्न हेलो पालिका: मेरो गुनासो कक्षको स्थापना र सञ्चालन गरिनेछ ।

१११. "सूचना र सञ्चारको कमाल: विकास, सुशासन र सेवा प्रवाहमा सबल" भन्ने मूल नाराका साथ सेवा प्रवाहमा सूचना तथा सञ्चार क्षेत्रको भरमग्दुर प्रयोग र अवलम्बन गरिनेछ ।

११२. कार्यालयलाई थप व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन आवश्यक कार्ययोजना बनाइनेछ । अभिलेखको व्यवस्थापनलाई चुस्त बनाउन व्यवस्थापकीय कार्यहरु गरिनेछ । स्तनपान कक्ष र महिला अपाङ्ग बालबालिका एवम अन्य संवेदनशील समूहका लागि कार्यालयलाई थप मैत्रीपूर्ण र पहुँचयोग्य बनाइनेछ ।

११३. कार्यालयमा आउने सेवाग्राहीलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउन सूचना प्रविधि एक द्वार प्रणाली लगायत अन्य उपयुक्त विधिको अवलम्वन गरिनेछ। शाखा समिति तथा संरचनाहरुको व्यवस्थित लेआउटका लागि कार्यहरु गरिनेछ।

११४. सर्वसुलभ गुणस्तरीय र पहुँचयोग्य प्रशासनिक सेवाका लागि आवश्यक जनशक्तिको उपलब्धताका लागि पहल गरिनेछ। स्थानीय राष्ट्रसेवक जनशक्तिको उत्पादनका लागि तयारी कक्षा उत्प्रेरणा कक्षा लगायतका कार्यक्रमहरुको अवलम्बन गरिनेछ।

११५. "सेवाग्राहीको अनुभूति: सभ्य र पारदर्शी कार्य संस्कृति" भन्ने मूल नाराका साथ कार्यालयबाट प्रवाह गरिने सेवालाई थप व्यवस्थित पारदर्शी अनुमानयोग्य र सेवाग्राहीमैत्री बनाइनेछ।

११६. कार्यसम्पादन मूल्याकनलाई थप व्यवस्थित र अनुमानयोग्य बनाइनेछ । सूचकमा आधारित कार्यप्रणालीको अवलम्बन र अंगीकार गरिनेछ।

११७. न्याय प्रक्रियालाई थप व्यवस्थित र शीघ्र बनाइनेछ। समाजमा आपसी भाइचारा कायम गरी हुन सक्ने विवादलाई कम गर्न विशेष जोड दिइनेछ। समुदायमा रहेका मेलमिलापकर्ताहरुलाई सुरु न्यायिक कार्यमा सक्रिय सहभागि गराइनेछ।

११८. न्यायिक कार्य सम्बन्धी थप अध्ययन अवलोकन र क्षमता विकासका लागि तालिम अवलोकन भ्रमण एवम अनुभव आदानप्रदान लगायतका विधिहरुको अवलम्बन गरिनेछ।

११९. जनतालाई सर्वसुलभ भरपर्दो गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक मानव संशाधनको विकासका लागि उत्प्रेरणात्मक सहयोगात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१२०. शिक्षक स्वास्थ्यकर्मी निजामति सुरक्षा निकाय बैंकिडंग तथा अन्य सेवाजन्य क्षेत्रमा पालिकाबासीको आकर्षण बढाउन विशेष अभियान सञ्चालन गरिनेछ।

१२१. कानून बमोजिमको संगठन संरचना अनुसारको जनशक्तिको तत्कालिक पूर्तिका लागि सम्बन्धित निकायसंग समन्वय र पहल गरिनेछ।

१२२. नागरिकको जायज गुनासो सरोकार तथा चासोलाई सम्बोधन गरी जवाफदेहिताको प्रवर्द्धन गर्न सुशासन सम्पर्क व्यक्ति वा सुशासन विज्ञको रुपमा तोकिनेछ।

१२३. विकास सुशासन सेवा प्रवाह तथा सार्वजनिक सवालहरुमा नागरिक संलग्नता र नागरिक निगरानी गर्ने खालका क्रियाकलापहरुको सञ्चालन एवम अवलम्वन गरिनेछ।

१२४. पारदर्शिताको अवलम्वन तथा जवाफदेहिताको प्रवर्द्धन गरी समग्रमा सुशासनको प्रत्याभूतिमा नागरिकको समेत अहम भूमिका हुने भएकाले नागरिकलाई सशक्तीकरण गरी स्वच्छ र भरोसायोग्य पालिका बनाउन नागरिक सशक्तीकरण अभियान सञ्चालन गरिनेछ।

१२५. अनुगमन तथा मूल्याङ्कनलाई थप सूचकमा आधारित बनाइनेछ। भौतिक पूर्वाधार कृषि क्षेत्र पुश क्षेत्र सामाजिक घटना शैक्षिक लगायत सम्पूर्ण क्षेत्रको अनुगमनलाई वष्तुनिष्ठ र सूचकीय परिमाणबाट अध्ययन गरिनेछ।

१२६. अनुगमनलाई अनुमानयोग्य तथा मापनयोग्य बनाई सुधारात्मक दिशातर्फ अग्रसर गराइनेछ। वातावरणीय जलवायुजन्य संवेदनशील समूह तथा अन्य अन्तरसम्बन्धित विषय क्षेत्रसंग अनुगमन तथा मूल्याङ्कनलाई टाइअप गरिनेछ।

सभाका सदस्यहरु,

१२७. राष्ट्रिय जनगणनाले समेटन नसकेको क्षेत्रमा गोपनीयता हनन नहुने गरी पालिकाबासीका आर्थिक सामाजिक तथा साँस्कृतिक आयामहरु खुल्ने तथ्याङ्कको संकलन कार्यलाई अविलम्व सुरुवात गरिनेछ।

१२८. एकिकृत विकासको लागि योजना निर्माण र कार्यान्वयनमा जोड दिइनेछ। एउटाबाट प्राप्त लाभले अर्कोलाई सहयोग पुऱ्याउने गरी कार्यक्रमको निर्माण गरिनेछ।

१२९. भ्रष्टाचार नियन्त्रण र सदाचार प्रणालीको विकासलाई संस्थागत गरिनेछ। स्थानीय सरकार सबैभन्दा असल सरकारको अवधारणालाई प्रमाणित गर्न भरमग्दुर प्रयास गरिनेछ।

१३०. पालिकाका ग्रामीण समुदाय तथा बस्तीहरुमा विशेपगरी महिलाहरुका लागि डिजिटल साक्षरता अभियान सञ्चालन गरिनेछ। डिजिटल प्रणालीको माध्यमबाट समय, श्रम र बजारीकरणको बढोत्तरीको अन्त्य गरिनेछ।

१३१. डिजिटल प्रणालीको अवलम्वनबाट हुन सक्ने जोखिम तथा नकारात्मक असरको न्यूनीकरणका लागि विशेष सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

१३२. समुदायकै महिला डिजिटल च्याम्पियनहरुको उत्पादन तथा विकासमा विशेष जोड दिइनेछ। वडा नं. ४ र ५ मा महिला डिजिटल च्याम्पियन मार्फत डिजिटल साक्षरता कक्षा अभियान सञ्चालन गरिनेछ।

१३३. "थबाङ गाउँपालिकाको डिजिटल संकल्प: विकास, सुशासन र सेवाप्रवाहका लागि अन्तिम विकल्प" भन्ने मूल नाराका साथ थबाङ गाउँपालिकालाई वि. सं. २०८५ सम्म डिजिटल पालिकाको रुपमा विकास गर्न सम्मुनति डिजिटल फाइनान्स परियोजना, प्राक्टिकल एक्सन तथा अन्य संघ संस्थाहरुसंग सहकार्य गरिनेछ। थबाङ गाउँपालिकाको डिजिटल रणनीति, २०८२ को क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।

१३४. जनप्रतिनिधि कर्मचारी तथा सार्वजनिक सेवाप्रवाहसंग सम्बन्धित पदाधिकारीलाई पालिकाको योजना तथा कार्यक्रम बमोजिम क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

१३५. पालिकाबाट हुने समग्र कार्यसम्पादनमा जवाफदेहिताको समुचित भूमिका बढाउन जवाफदेही कार्य संस्कृतिको अवलम्बन गरिनेछ।

१३६.	पालिकाको खर्च प्रणालीलाई उत्पादक र प्रतिफलमूखी बनाइ मितव्ययी कार्य संस्कृतिको अवलम्बन गरिनेछ। अत्यावश्यक र नतिजामूखी योजना तथा क्रियाकलापको कार्यान्वयन गरिनेछ।

सभाका सदस्यहरु,

१३७.	आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध, सबल र न्यायपूर्ण पालिका निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार पार्न महत्वपूर्ण योगदान दिनेछ भन्ने मैले विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन तथा रोजगारीमा बढोत्तरी, विकास निर्माणमा गुणस्तरीयता, गुणस्तरीय स्वास्थ्य तथा शिक्षामा पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारभूत परिवर्तन भई जनतामा पालिकाप्रति विश्वास अभिवृद्धि हुने मैले विश्वास लिएको छु। थबाङ गाउँपालिकाबासी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिशामा यो नीति तथा कार्यक्रम कोसेढुंगा सावित हुने विश्वास गर्दै यसमा सभाको पूर्ण समर्थन र कार्यान्वयनमा सबैको सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

१३८.	अन्यमा राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी तथा सुरक्षाकर्मी, मजदुर, किसान, व्यवसायी, बैङ्क वित्तीय क्षेत्र, सहकारी समुदाय, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण थबाङ गाउँपालिकाबासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। थबाङको विकास र समृद्धिको लक्ष्यमा यहाँहरूको निरन्तर सहयोग प्राप्त भइरहनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद**

**ऋषिकेशव बुढा मगर**

**सभा अध्यक्ष**